कम्पनीले आफ्नो जारी पूँजी रु.१२,११,५०,०००/- (अक्षरेपी बाह्र करोड एघार लाख पचास हजार मात्र) मध्ये ३२.११ प्रतिशतले हुन आउने रु. ३,८९,००,०००/- रकम बराबर प्रति शेयर रु.१००/- अंकित दरका ३,८९,००० कित्ता शेयर मध्ये ६,०५८ कित्ता अर्थात जारी पूँजीको ०.५ प्रतिशत शेयर कर्मचारीहरुलाई र १९,४५० कित्ता अर्थात कूल निष्काशनको ५ प्रतिशत शेयर सामूहिक लगानी कोषको लागि सुरक्षित गरिएको र बाँकी ३,६३,४९२ कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन गरिएको ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः

स्वीकृत विवरणपत्र अनुसार सर्वसाधारणहरुमा निष्काशन गरिने साधारण शेयरको लागि “क्रेडिट रेटिङ्ग नियमावली, २०६८” को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई “यस मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडलाई मिति २०७७/११/१२ मा “समयमा वित्तीय दायित्व पुरा गर्न सक्ने सम्बन्धमा मध्यम जोखिम रहने [ICRANP -IR] BB- Prounced as ICRANP Issuer Rating Double B Minus]” प्रदान गरेको छ । उक्त रेटिङ्गको अवधि जारी मितिबाट एक वर्ष अर्थात २०७८/११/११ सम्म रहनेछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । यसको अर्थ [ICRANP -IR] BB- को स्थिती [ICRANP -IR] BB भन्दा एक चिन्ह तल रहन्छ ।

मनकामना स्मार्ट
लघुवित्त वित्तीय संस्था लिमिटेड

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको लघुवित्त वित्तीय संस्था (प्रदेश नं. ५ कार्यक्षेत्र भएको)
सिद्धार्थनगर-५, मैत्रीपथ, भैरहवा - रूपन्देही, फोन नम्बरः ०७१-५२७३१६, ५२७३१७
इमेल : manakamanalbs@gmail.com वेबसाइटः www.manakamanalbs.com

आव्हान-पत्र

यो विवरण-पत्र नभई केवल आव्हान-पत्र मात्र हो ।

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गरिन्छ ।

साधारण शेयरको बिक्री खुल्ला अवधिः

धितोपत्र निष्काशन खुल्ला मिति : २०७८/०३/१७
धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७८/०३/२१ (बैंकिङ्ग समय पश्चात्)
धितोपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०७८/०३/३१ (बैंकिङ्ग समय पश्चात्)

दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्याः १० कित्ता
दरखास्त दिन पाइने अधिकतम शेयर संख्याः १,००० कित्ता

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु. १००/- प्रति साधारण शेयरका दरले ।

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

विवरण	वास्तविक			प्रक्षेपित**		
	२०७४/०७५	२०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०
सञ्चित नाफा/नोक्सान (रु. हजारमा)	(३,४१८)	९७४	४,६२२	२९,६७६	७८,८४०	१,५७,३१७
प्रति शेयर नेटवर्थ (रु.)	९२.४९	१०३.९९	११०.८४	१३२.८८	१८६.८१	२७२.९०
प्रति शेयर आम्दानी (रु.)	(७.५१)	८.२५	६.८५	२६.५१	५३.४०	८५.२३
नेटवर्थमा प्रतिफल (%)	(८.१२%)	७.९३ %	६.१८ %	१९.९५%	२८.५८%	३१.२३%

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति २०७८/०३/०६, नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएको मिति २०७८/०३/०७, कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति २०७८/०३/०७

(१) संस्थाको नामः

मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड (Manakamana Smart Laghubitta Bittiya Sanstha Limited)

(२) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

यस वित्तीय संस्था (साविकको मनकामना लघुवित्त वित्तीय संस्था लिमिटेड) कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७४/०६/२५ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको हो । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०७४/१०/०२ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी दश जिल्ला कार्य क्षेत्र भएको “घ” वर्गको वित्तीय संस्थाको रुपमा यस संस्थाले लघुवित्त सम्बन्धी बैंकिङ्ग कारोवार सञ्चालन गर्दै आएको छ । साविकको मनकामना लघुवित्त वित्तीय संस्था लिमिटेडले बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (चौंथो संशोधन, २०७५) बमोजिम साविकको स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडलाई मिति २०७७/०४/११ देखि गाभेर ‘घ’ वर्गको (प्रादेशिकस्तर) मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट एकीकृत वित्तीय कारोवार संचालन गर्न नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७८ को उपदफा (२) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ३४ ले दिएको अधिकार प्रयोग गरी इजाजतपत्र प्रदान गरिएको ।

(३) संस्थाको रजिष्टर्ड ठेगानाः

यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. ५ मा रहेको छ ।

(४) कारोवार गर्ने मुख्य स्थान :

यस वित्तीय संस्थाको कारोवार स्थान लुम्बिनी प्रदेश भित्रका १२ जिल्लाहरु (पश्चिम नवलपरासी, रुपन्देही, पाल्पा, गुल्मी, अर्घाखाची, कपिलवस्तु, प्युठान, रोल्पा, दाङ्ग, पूर्वी रुकुम, बाँके र बर्दिया) रहेको छ र नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सकिनेछ। हाल यस कम्पनीले निम्न कार्यालयहरु खोली आफ्नो वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ।

क्र.सं.	कार्यालय रहेको नाम र स्थान	क्र.सं.	कार्यालय रहेको नाम र स्थान
१.	केन्द्रीय कार्यालय, सिद्धार्थनगर-०५, रुपन्देही	२०.	शाखा कार्यालय, ठाडा, अर्घाखाँची
२.	शाखा कार्यालय, भैरहवा, रुपन्देही	२१.	शाखा कार्यालय, घोराही, दाङ्ग
३.	शाखा कार्यालय, शंकरनगर, रुपन्देही	२२.	शाखा कार्यालय, लमही, दाङ्ग
४.	शाखा कार्यालय, अमवा, रुपन्देही	२३.	शाखा कार्यालय, तुल्सीपुर, दाङ्ग
५.	शाखा कार्यालय, शिवपुर, रुपन्देही	२४.	शाखा कार्यालय, गढवा, दाङ्ग
६.	शाखा कार्यालय, बाँसगढी, रुपन्देही	२५.	शाखा कार्यालय, नारायणपुर, दाङ्ग
७.	शाखा कार्यालय, शंकरपुर, रुपन्देही	२६.	शाखा कार्यालय, पिपरी, दाङ्ग
८.	शाखा कार्यालय, मफगाँवा, रुपन्देही	२७.	शाखा कार्यालय, रगैंचा, दाङ्ग
९.	शाखा कार्यालय, लुम्बिनी, रुपन्देही	२८.	शाखा कार्यालय, चरकमटिया, दाङ्ग
१०.	शाखा कार्यालय, बनकट्टा, रुपन्देही	२९.	शाखा कार्यालय, सितापुर, दाङ्ग
११.	शाखा कार्यालय, मिर्मि, स्याङ्जा	३०.	शाखा कार्यालय, जमुनी, नरैनापुर, बाँके
१२.	शाखा कार्यालय, बाँसटारी, पाल्पा	३१.	शाखा कार्यालय, पेडारी, बाँके
१३.	शाखा कार्यालय, जितपुर, कपिलवस्तु	३२.	शाखा कार्यालय, महेशपुर, पश्चिम नवलपरासी
१४.	शाखा कार्यालय, गोरुसिंगे, कपिलवस्तु	३३.	शाखा कार्यालय, सुक्रौली, पश्चिम नवलपरासी
१५.	शाखा कार्यालय, तम्घास, गुल्मी	३४.	शाखा कार्यालय, पटखौली, रुपन्देही
१६.	शाखा कार्यालय, पकडी, कपिलवस्तु	३५.	शाखा कार्यालय, रानीपुर, वर्दिया
१७.	शाखा कार्यालय, तौलिहवा, कपिलवस्तु	३६.	शाखा कार्यालय, सुनवल, पश्चिम नवलपरासी
१८.	शाखा कार्यालय, खैरेन्द्रपुर, कपिलवस्तु	३७.	शाखा कार्यालय, सुरजपुरा, पश्चिम नवलपरासी
१९.	शाखा कार्यालय, महाराजगंज, कपिलवस्तु		

(५) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

यस वित्तीय संस्था (साविकको मनकामना लघुवित्त वित्तीय संस्था लिमिटेड) २०७४/०६/२५ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता भएको हो। यस वित्तीय संस्थाले मिति २०७४/१०/०२ गते वित्तीय संस्थाको रूपमा वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त गरी मिति २०७४/११/०६ गतेदेखि औपचारिक रुपले वित्तीय कारोवार शुभारम्भ भएको हो। साविकको मनकामना लघुवित्त वित्तीय संस्था लिमिटेडले बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (चौंथो संशोधन, २०७५) बमोजिम साविकको स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडलाई मिति २०७७/०४/११ देखि गाभेर ‘घ’ वर्गको (प्रादेशिक स्तर) मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट कारोवार गरेको र हाल यस संस्थाको कार्य क्षेत्र लुम्बिनी प्रदेश भित्रका पश्चिम नवलपरासी, रुपन्देही, पाल्पा, गुल्मी, अर्घाखाची, कपिलवस्तु, प्युठान, रोल्पा, दाङ्ग, पूर्वी रुकुम, बाँके र बर्दिया गरी १२ जिल्ला रहेको छ। यस वित्तीय संस्थाका संस्थापक तथा सञ्चालकहरुमा वित्तीय क्षेत्र, सरकारी, गैर सरकारी, शैक्षिक क्षेत्र, कृषि, उद्योग तथा व्यापार क्षेत्र एवम् व्यवस्थापनमा लामो समयदेखि कार्यरत अनुभवी प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ।

वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :-

(क) वित्तीय संस्थाका बचतकर्ताको हकहितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग/वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,
(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक बैंकिङ्ग/वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्‍याउने,
(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने,
(घ) बैंकिङ्ग/वित्तीय सेवामा जोखिम कम गर्दै बैंकिङ्ग/वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुर्‍याउने र देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुर्‍याउने,
(ङ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न सहयोग पुर्‍याउने।

(६) पूँजी संरचना सम्बन्धी जानकारी :

- **अधिकृत पूँजी** : यस वित्तीय संस्थाको अधिकृत पूँजी रु.२०,००,००,०००/- (अक्षरेपी बीस करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले २०,००,००० (बीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।
- **जारी पूँजी** : यस वित्तीय संस्थाको तत्काल जारी पूँजी रु.१२,११,५०,०००/- (अक्षरेपी बाह्र करोड एघार लाख पचास हजार मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले १२,११,५०० (बाह्र लाख एघार हजार पाँच सय मात्र) थान शेयरमा विभाजन गरिएको छ।
- **चुक्ता पूँजी** : यस वित्तीय संस्थाको संस्थापकहरुबाट तत्काल चुक्ता पूँजी रु. ८,२२,५०,०००/- (अक्षरेपी आठ करोड बाइस लाख पचास हजार मात्र) रहेको छ। जसलाई रु.१००/- का दरले ८,२२,५०० (आठ लाख बाइस हजार पाँच सय मात्र) थान शेयरमा विभाजन गरिएको छ। यस विवरणपत्र मार्फत सर्वसाधारणलाई रु. ३,८९,००,०००/- (अक्षरेपी तीन करोड उनानब्बे लाख मात्र) रकम बराबरको शेयरको निष्काशन पश्चात् लघुवित्त वित्तीय संस्थाको चुक्ता पूँजी १२,११,५०,०००/- (अक्षरेपी बाह्र करोड एघार लाख पचास हजार मात्र) हुनेछ।

वित्तीय संस्थाको स्थापना पश्चात् अधिकृत, जारी तथा चुक्ता पूँजीमा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :

क्र.सं.	आ.व.	अधिकृत पूँजी	जारी पूँजी	चुक्ता पूँजी
१	२०७४/७५	६,५०,००,०००	६,५०,००,०००	४,५५,००,०००
२	२०७५/७६	६,५०,००,०००	६,५०,००,०००	४,५५,००,०००
३	२०७६/७७	१०,००,००,०००	९,७५,००,०००	६,८२,५०,०००
४	२०७६/७७	२०,००,००,०००	१२,११,५०,०००	८,२२,५०,०००

(७) साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने संस्थाको चुक्ता पूँजीको संरचनाः

समूह	शेयरधनीहरु	साधारण शेयर संख्या	पूँजी प्रतिशत (%)	चुक्ता रकम	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	८,२२,५००	६७.८९	८,२२,५०,०००.००	शतप्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित)	३,८९,०००	३२.११	३,८९,००,०००.००	निष्काशन पश्चात् शत्प्रतिशत हुने
	जम्मा	**१२,११,५००**	**१००**	**१२,११,५०,०००.००**	

(८) संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्थाः

वित्तीय संस्थाको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार यस वित्तीय संस्थामा एक जना महिला सहित ७ (सात) जनाको संचालक समिति देहाय बमोजिम हुनेछ।

संस्थापक समूहबाट मनोनित/निर्वाचित	४ (चार) जना
सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित	२ (दुई) जना
स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक	१ (एक) जना

सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ।

संचालक हुनुको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :

यस वित्तीय संस्थाको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० (एक सय) कित्ता शेयर लिएको हुनुपर्नेछ। तर स्वतन्त्र व्यवसायिक सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन।

(९) संचालक तथा आधारभुत शेयरधनीहरुको विवरणः

आधारभुत शेयरधनीहरुको विवरण

क्र.सं.	नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	अनुभव	प्रस्तावित व्यापार/व्यवसायमा अनुभव
१	श्री अजय गोयनका	संस्थापक	४६	नेपाली	का.म.न.पा.१, काठमाडौं	९७,५००	एम.वि.ए.	• गोयनका स्टील उद्योग र गोयनका सिमेन्ट उद्योगका संचालक । • साविक आई एल एफ सी फाइनान्स कम्पनीमा संचालकको अनुभव ।	२०७४/०६/२५ देखि संचालक समितिको अध्यक्ष भई कार्यरत ।
२	श्री अमित कुमार गोयनका	संस्थापक	३९	नेपाली	सिद्धार्थनगर न.पा. वडा नं.१२, रुपन्देही	६७,५००	बि.कम.	• फलाम, सिमेन्ट उद्योग, इलेक्ट्रोनिक्स र खाद्यान्न व्यवसायमा संचालकको अनुभव ।	नभएको
३	श्री सन्दिप कुमार अग्रवाल	संस्थापक	४७	नेपाली	सिद्धार्थनगर न.पा. वडा नं. ५, रुपन्देही	६०,०००	बि. ई.	• दाल उद्योग, प्लाष्टिक उद्योग, वायोग्यास उद्योग, प्राङ्गारिक मल उद्योग व्यवसायमा २० वर्षको अनुभव ।	नभएको
४	जुली चाचन	संस्थापक	४१	नेपाली	विरगंज उप म.न.पा.- ७	६०,५००	१०+२	नभएको	नभएको

संचालकहरुको विवरण

क्र.सं.	नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	अनुभव	प्रस्तावित व्यापार/व्यवसायमा अनुभव
१	श्री अजय गोयनका	अध्यक्ष	४६	नेपाली	का.म.न.पा.१, काठमाडौं	९७,५००	एम.बी.ए	• गोयनका स्टील उद्योग र गोयनका सिमेन्ट उद्योगका संचालक । • साविक आईएलएफसी फाइनान्स कम्पनीमा संचालकको अनुभव ।	२०७४।०६।२५ देखि संचालक समितिको अध्यक्ष भई कार्यरत ।
२	श्री अभिषेक बेरिवाल	संचालक	४१	नेपाली	सि.न.पा. ५, रुपन्देही	४०,०००	बि.कम.	• एम.एल.बि.के एण्ड सन्स प्रोप्राइटर । • रिद्धिसिद्धि कपी उद्योगका प्रोप्राइटर केशरी इन्फ्रास्ट्रक्चर प्रा.लि.का संचालक ।	२०७४।०६।२५ देखि संचालक भई कार्यरत ।
३	श्री प्रदीपकुमार सुद्रनिया	संचालक	६०	नेपाली	ओमसतिया गा.पा. १, रुपन्देही	७,५००	बि.कम.	• कमला आयल मिल, अरुण फुड्स प्रा.लि. मा व्यवस्थापक । • एभरेष्ट रोलिङ्ग इण्डष्ट्रिज प्रा.लि.र अरुण एग्रो इण्डष्ट्रिज प्रा.लि.का महाप्रबन्धकको रुपमा कार्य अनुभव ।	२०७४।०६।२५ देखि संचालक भई कार्यरत ।
४	शान्ति चौधरी	संचालक	५६	नेपाली	घोराही न.पा. ११ दाङ्ग	६,०००	आइ.ए	• ग्रामीण महिला विकास संस्था घोराहीको अध्यक्ष । • तत्कालिन स्मार्ट लघुवित्त वित्तीय संस्था लि. को अध्यक्ष ।	२०७७।४।११ देखि यस संस्थाको संचालक भइ कार्यरत ।
५	श्री अच्युत पन्त	स्वतन्त्र संचालक	४६	नेपाली	तिलोत्तमा २, रुपन्देही	-	एम.बि.एस	• तिलोत्तमा कलेज, क्रिमसन कलेज, बृहस्पति कलेज लगायतका शिक्षण संस्थाहरुमा अध्यापन पेशाको अनुभव ।	संस्थाको स्वतन्त्र संचालकको रुपमा २०७६।०१।१९ देखि कार्यरत ।

(१०) धितोपत्र जारी गर्नुको उद्देश्य :

अ. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुरुप कम्तिमा ३०% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने भएको र सोही बमोजिम वित्तीय संस्थाको प्रवन्ध-पत्रमा जारी पूँजीको ३२.११% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने प्रावधान अनुरुप रु.३ करोड उनानब्बे लाख रकम बराबरको शेयर पूँजी सर्वसाधारण नेपाली नागरिकहरु (कर्मचारी समेत) लाई बिक्री वितरण गरी वित्तीय संस्थाको संचालनमा सर्वसाधारणलाई समेत संलग्न गराउन ।
आ. वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।
इ. वित्तीय संस्थाको प्रवन्ध-पत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी संकलन गर्न ।

(११) सीमित दायित्व सम्बन्धी विवरण :

यस वित्तीय संस्था कम्पनी ऐन, (पहिलो संशोधन) २०७३ अन्तर्गत संस्थापित तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यस वित्तीय संस्थाको शेयरधनीहरुको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सिमित रहनेछ ।

(१२) सकारात्मक पक्षहरु :

- लघुवित्तीय क्षेत्रमा अनुभवी तथा दक्ष व्यवस्थापकहरुद्वारा संचालित ।
- स्थापनाको छोटो समयमै ग्राहक सुहाउँदो आकर्षक सेवा तथा कार्यक्रम साथै वित्तीय संस्थाको परिकल्पना अनुरुप स्थानीय स्तरमा सरल, सुलभ र सहज ढंगले आधुनिक तथा प्रविधियुक्त बैंकिङ्ग प्रणालीको विकास गर्न सकेको ।
- आर्थिक, राजनीतिक र प्रतिस्पर्धि बैंकिङ्ग व्यवसाय सुहाउँदो रणनीति अवलम्वन गरी व्यवसाय विस्तार गर्न सफल रहेको ।

(१३) वित्तीय संस्थाको विगत तीन वर्षको वास्तविक तथा आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाब तथा नेटवर्थ सम्बन्धी विवरण :

वित्तीय संस्थाको विगत तीन वर्षको वास्तविक तथा आगामी तीन वर्षको प्रक्षेपित वासलात सम्बन्धी विवरणः (रु. हजारमा)

वासलात

विवरण	वास्तविक			अपरिष्कृत*	प्रक्षेपित **		
	२०७४/०७५	२०७५/०७६	२०७६/०७७	२०७७/७८ (चैत्र मसान्तसम्म)	२०७७/०७८	२०७८/०७९	२०७९/०८०
पूँजी तथा दायित्व							
शेयर पूँजी	४५,५००	६८,२५०	६८,२५०	८२,२५०	१२१,१५०	१२१,१५०	१२१,१५०
जगेडा तथा कोषहरु	(३,४१८)	२,७२१	७,३९६	४२,३००	३९,८३७	१०५,१७४	२०९,४६५
ऋणपत्र तथा बण्ड	–	–	–	–	–	–	–
तिर्न बाँकी कर्जा सापट	८७,५६५	३०२,६०८	२८१,२८२	६१६,६०९	५९७,२१२	१,०८२,२०४	१,५६९,८८१
निक्षेप दायित्व	११,१८३	१०३,६८१	१४२,९४७	३२५,१७३	३२३,७०४	३८४,७१०	४६३,३२७
प्रस्तावित नगद लाभांश	–	–	–	–	–	–	–
आयकर दायित्व	–	३१६	–	–	–	–	–
अन्य दायित्व	१,४४६	३,९५६	४,५०२	४८,१३१	२९,८६१	५४,११०	७८,४९४
कुल पूँजी तथा दायित्व	**१४२,२७६**	**४८१,५३२**	**५०४,३७७**	**१,११४,४६३**	**१,१११,७६४**	**१,७४७,३४७**	**२,४४२,३१७**
सम्पत्ति							
नगद मौज्दात (सिक्का समेत)	४८	३३२	७५३	६०,२९२	३,२३७	३,८४७	४,६३३
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	६००	२,०००	२,२००	–	४,६०५	७,३३५	१०,१६६
बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	६,०८२	५,७२६	१०,१७६	–	६८,७१४	१३३,८१०	२५३,७७१
माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	–	–	–	–	–	–	–
लगानी	२०,४७५	–	–	७१,६३२	–	–	–
कर्जा तथा सापट	१०९,००६	४६७,९३४	४८३,८१३	९४९,७३०	१,०२५,९७४	१,५८८,०६३	२,१५४,३५७
स्थिर सम्पत्ति	४,३८३	४,६११	४,४१२	९,०२७	७,६९५	११,९१०	१६,१५८
गैर बैंकिङ्ग सम्पत्ति	–	–	–	–	–	–	–
अन्य सम्पत्ति	१,६८२	९२९	३,०२३	२३,७८१	१,५३९	२,३८२	३,२३२
कुल सम्पत्ति	**१४२,२७६**	**४८१,५३२**	**५०४,३७७**	**१,११४,४६३**	**१,१११,७६४**	**१,७४७,३४७**	**२,४४२,३१७**

वित्तीय संस्थाको विगत तीन वर्षको वास्तविक तथा आगामी तीन वर्षको प्रक्षेपित नाफा-नोक्सान हिसाब सम्बन्धी विवरणः (रु. हजारमा)

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक			अपरिष्कृत*	प्रक्षेपित**		
	२०७४/०७५	२०७५/०७६	२०७६/०७७	२०७७/७८ (चैत्र मसान्तसम्म)	२०७७/०७८	२०७८/०७९	२०७९/०८०
ब्याज आम्दानी	४,२३७	५३,१००	७८,५३५	९१,१७६	११४,५८४	१९५,८७४	२७८,६२५
ब्याज खर्च	१,७९१	२९,४२२	४०,८५७	३४,०८७	१४,०००	२३,०२३	२७,५६१
खुद ब्याज आम्दानी	**२,४४७**	**२३,६७८**	**३७,६७८**	**५७,०८८**	**१००,५८४**	**१७२,८५१**	**२५१,०६४**
कमिशन तथा डिष्काउन्ट	–	–	–	१,२६५	–	–	–
कमिशन तथा अन्य सञ्चालन आम्दानी	२,३०५	१४,५७२	१०,७९४	१९,९४२	३५,३५४	५५,५२१	८०,५०२
सटही घटबढ आम्दानी	–	–	–	–	–	–	–
कुल सञ्चालन आम्दानी	**४,७५१**	**३८,२५०**	**४८,४७२**	**७८,२९६**	**१३५,९३८**	**२२८,३७२**	**३३१,५६६**
कर्मचारी खर्च	५,१४८	१७,६८५	२३,०८२	२९,८५७	६२,७६३	८०,७७९	११२,५४३
अन्य सञ्चालन खर्च	३,१७५	७,८३१	८,६३१	१०,९३३	२०,४५०	२४,८००	२७,५००
सटही घटबढ नोक्सान	–	–	–	–	–	–	–
सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा	**(३,५७१)**	**१२,७३४**	**१६,७५९**	**३७,५०७**	**५२,७२५**	**१२२,७९३**	**१९१,५२३**
सम्भावित नोक्सानी व्यवस्थाहरु	१,१०१	७,५२७	४५,१६२	७३३,५०५	१,७४१	२०,११०	२७,६२०
सञ्चालन मुनाफा	**(४,६७३)**	**५,२०७**	**(२८,४०२)**	**(६९५,९९८)**	**५०,९८४**	**१०२,६८३**	**१६३,९०३**
गैर सञ्चालन आम्दानी/खर्च	–	–	–	–	–	–	–
सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	–	३,६८४	३५,७५५	७२९,४३२	–	–	–
नियमित कारोवारबाट भएको मुनाफा	**(४,६७३)**	**८,८९१**	**७,३५३**	**३३,४३४**	**५०,९८४**	**१०२,६८३**	**१६३,९०३**
असामान्य कारोवारबाट भएको आम्दानी/खर्च	–	–	–	(१५१.००)	–	–	–
सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा (नोक्सान)	**(४,६७३)**	**८,८९१**	**७,३५३**	**३३,२८४**	**५०,९८४**	**१०२,६८३**	**१६३,९०३**
कर्मचारी बोनस व्यवस्था	–	८८९	७३५	–	५,०९८	१०,२६८	१६,३९०
आयकर व्यवस्था	(१,२५५)	२,३७१	१,९४१	–	१३,७६६	२७,७२४	४४,२५४
यस वर्षको कर व्यवस्था	–	१,०७४	२,२७७	–	१३,७६६	२७,७२४	४४,२५४
विगत वर्षसम्मको कर व्यवस्था	–	–	–	–	–	–	–
यस वर्षको स्थगन कर आम्दानी (खर्च)	(१,२५५)	१,२९६	(३३७)	–	–	–	–
खुद नाफा/(नोक्सान)	**(३,४१८)**	**५,६३१**	**४,६७७**	**३३,२८४**	**३२,१२०**	**६४,६९१**	**१०३,२५९**

(रु. हजारमा)

नाफा नोक्सान बाँडफाँड हिसाब

विवरण	वास्तविक		
	२०७४/०७५	२०७५/०७६	२०७६/०७७
आम्दानीः			
गत वर्षसम्मको संचित मुनाफा	–	–	९७४
यस वर्षको मुनाफा	–	५,६३१	४,६७७
सटही घटवढ कोष	–	–	–
जम्मा	**–**	**५,६३१**	**५,६५१**
खर्चः			
गत वर्षसम्मको संचित नोक्सान	–	३,४१८	–
यस वर्षको नोक्सान	३,४१८	–	–
साधारण जगेडा कोष	–	१,१२६	९३५
भैपरी आउने जगेडा	–	–	–
संस्था विकास कोष	–	–	–
लाभांश समीकरण कोष	–	–	–
कर्मचारी सम्बन्धी जगेडाहरु	–	–	–
प्रस्तावित लाभांश	–	–	–
प्रस्तावित बोनस शेयर	–	–	–
विशेष जगेडा कोष	–	–	–
सटही घटवढ कोष	–	–	–
पूँजी फिर्ता जगेडा कोष	–	–	–
पूँजी समायोजना कोष	–	–	–
ग्राहक संरक्षण कोष	–	५६	४७
कर्मचारी दक्षता अभिवृद्धी कोष	–	–	–
संस्थागत सामाजिक उत्तरदायित्व कोष	–	५६	४७
जम्मा	**३,४१८**	**४,६५७**	**१,०२९**
संचित मुनाफा/(नोक्सान)	**(३,४१८)**	**९७४**	**४,६२२**

* २०७७ चैत्र मसान्तको व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण ।

** प्रक्षेपित वित्तीय विवरण वित्तीय संस्था आफैले तयार पारेको हो र सो वित्तीय विवरण पुनरावलोकन गरी ठीक छ भनी आई.पि.मैनाली एण्ड एसोसिएट्सका चार्टड एकाउन्टेण्ट श्री इन्द्र प्रसाद मैनालीबाट प्रमाणित गरिएको छ।

वित्तीय संस्थाको वित्तीय अनुपात सम्बन्धी विवरणः

सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) **तथा प्रति शेयर नेटवर्थ निम्नानुसार छ।**

वित्तीय संस्थाको नेटवर्थमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम छ :

विवरण	वास्तविक (रु. हजारमा)			प्रक्षेपित (रु. हजारमा)**		
	२०७४/०७५	२०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०
चुक्ता पूँजी	४५,५००	६८,२५०	६८,२५०	१२१,१५०	१२१,१५०	१२१,१५०
जगेडा तथा कोषहरु	(३,४१८)	२,७२१	७,३९६	३९,८३७	१०५,१७४	२०९,४६५
जम्मा	**४२,०८२**	**७०,९७१**	**७५,६४६**	**१६०,९८७**	**२२६,३२४**	**३३०,६१५**
अपलेखन हुन बाँकी खर्च	–	–	–	–	–	–
कुल नेटवर्थ	**४२,०८२**	**७०,९७१**	**७५,६४६**	**१६०,९८७**	**२२६,३२४**	**३३०,६१५**
शेयर संख्या (‘००० मा)	**४५५**	**६८३**	**६८३**	**१,२१२**	**१,२१२**	**१,२१२**
प्रति शेयर नेटवर्थ (रु.)	**९२.४९**	**१०३.९९**	**११०.८४**	**१३२.८८**	**१८६.८१**	**२७२.९०**
खुद नाफा/(नोक्सानी)	**(३,४१८)**	**५,६३१**	**४,६७७**	**३२,१२०**	**६४,६९०**	**१०३,२५९**
प्रति शेयर आम्दानी (रु.)	**(७.५१)**	**८.२५**	**६.८५**	**२६.५१**	**५३.४०**	**८५.२३**
नेटवर्थमा प्रतिफल (%)	**-८.१२%**	**७.९३%**	**६.१८%**	**१९.९५%**	**२८.५८%**	**३१.२३%**
प्रति शेयर चुक्ता पूँजी (रु.)	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**

निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल (Minimum return on increased networth required to maintain pre issue EPS) = ७.२५%

(ख) **विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल** : २%

वित्तीय संस्थाको वित्तीय प्रक्षेपणका आधारहरु :

क. वासलात तर्फ :
१. चूक्ता पूँजी सम्बन्धमा आगामी ३ वर्ष सम्म थप घट गर्ने योजना नरहेको ।
२. साधारण जगेडामा २० प्रतिशत र अन्य जगेडामा नाफाको ३ देखि ५ प्रतिशत राखिएको ।
३. कर्जा र बचतको फरक रकम ऋण सापट लिई कारोवार गरिने ।
४. कर्जाको ०.७५ प्रतिशत स्थिर सम्पत्ति रहने र स्थिर सम्पत्तिको २० प्रतिशत अन्य सम्पत्ति रहने अनुमान गरिएको ।

ख. नाफा नोक्सान तर्फ :
१. कर्जाको ब्याज खराब कर्जा बाहेकको रकममा चालु वर्षमा १५ प्रतिशतका दरले प्राप्त हुने । १ महिनाको ब्याज असुली बाँकी रहने ।
२. अन्य आम्दानी वार्षिक कर्जा लगानीको १.५ प्रतिशतले हुने ।
३. अन्य संचालन खर्च वार्षिक शाखा र के.काको हिसाब गरी राखिएको । ऋण सापटमा चालु वर्षमा ७ प्रतिशत र बचतमा ६ प्रतिशतले गणना गरेको ।
४. कर्मचारी खर्च चालु वर्षमा सबै कर्मचारीहरु स्थायी हुने र सो पश्चात वार्षिक वृद्धी गर्दा उपदान ग्रेड लाइ र तालिम खर्च समेतलाई समावेश गरिएको ।
५. कर्जा नोक्सानी व्यवस्था असल कर्जाको १ प्रतिशत र खराब कर्जाको शत प्रतिशत व्यवस्था गरिएको । ऋण सापटमा चालु वर्षमा ७ प्रतिशत र बचतमा ६ प्रतिशतले गणना गरेको । आगामी वर्षहरुमा क्रमशः ९.५ र ६.५ प्रतिशतले खर्च हुने अनुमान रहेको ।

ग. कार्यक्रम तर्फ :
१. आगामी ४ वर्षमा प्रत्येक शाखाले थप कम्तीमा १ गा.वि.स.मा कार्यक्रम विस्तार गर्ने ।
२. औषत प्रति समूहमा ५ सदस्य, प्रति केन्द्रमा २ समूह रहने अनुमान गरेको ।
३. कुल समूहको ०.५ प्रतिशत निष्क्रिय समूह रहने ।
४. प्रति वर्ष समूह सदस्य १० प्रतिशतले वृद्धी हुने ।
५. समूहमा आवद्ध ऋणीको ५ प्रतिशत सदस्यले धितो कर्जा उपभोग गर्ने हुने ।
६. सामूहिक जमानीमा प्रथम वर्षको औषत कर्जा लगानी रु.८० हजार, दोश्रो वर्ष रु.१०० हजार र सो पछि रु.१५० हजार हुने ।
७. धितो कर्जाको औषत लगानी प्रथम वर्ष रु. ३ लाख, सो दोश्रो पटक रु. ४ लाख र सो पछि ७ लाख हुने ।
८. असुली तर्फ गत वर्षको बाँकी कर्जाको ४० प्रतिशत, यस वर्ष लगानीको ४० प्रतिशत र अघिल्लो २ वर्षको बाँकी कर्जाको १७.५ प्रतिशत असुली हुने ।
९. भाखा नाघेको कर्जा बिना धितोमा पहिलो वर्ष २.५ प्रतिशत सो पश्चात १.५ प्रतिशत र धितोमा ०.५ प्रतिशत रहने ।
१०. बाँकी कर्जाको ३० दिनको र भाखा नाघेको कर्जाको वर्ष भरीको ब्याज असुली बाँकी रहने ।
११. कर्जा लगानीको ३.५ प्रतिशत सम्म समुहकोष बचतमा जम्मा हुन सक्ने र प्रत्येक सदस्यको व्यक्तिगत खातामा रु. ५ हजार न्युनतम ब्यालेन्स रहने । अन्य बचत वार्षिक १५ प्रतिशत सम्मले वृद्धी हुने ।

(१४) अन्तर्निहित जोखिम तथा सोमा व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :

अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनका लागि व्यवस्थापनको धारणा निम्नानुसार रहेको छ :

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**
- संस्थामा वित्तीय साधनको अभाव भएको अवस्थामा कर्जा लगानीमा अप्ठ्यारो पर्न सक्ने र ग्राहक सदस्यहरुबाट जम्मा गरिएको निक्षेप रकमको भुक्तानी दिन समस्या पर्न सक्ने जोखिम रहेको ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :** ● सो नभएको ।

(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**
- नयाँ वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
- वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
- निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि** (Cost Overrun) **को जोखिम :**
- यस कम्पनी नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त गरी “घ” वर्गको वित्तीय संस्थाको रुपमा सञ्चालन भएको हुँदा उल्लेखित जोखिम यस वित्तीय संस्थामा नरहेको ।

(ङ) **विदेशी विनिमयको जोखिम :**
- यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट विदेशी मुद्राको कारोवार गर्ने स्वीकृति प्राप्त नगरेको हुँदा सो को जोखिम नरहेको ।

(च) **कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :**
- यस वित्तीय संस्थाले वित्तीय कारोवार सञ्चालनको लागि सबै कानूनी प्रक्रियाहरु पुरा गरी लिनुपर्ने ईजाजत प्राप्त गरिसकेको हुँदा सो प्राप्त नगरेका कारणबाट वित्तीय संस्थाको कारोवारमा कुनै अवरोध पर्न सक्ने नदेखिएको ।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**
- अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुने आर्थिक जोखिमहरु ।
- पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्न सक्ने जोखिमहरु ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**
- देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।
- देशको वैदेशिक नीतिमा हुन सक्ने परिवर्तनबाट उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुन सक्ने सम्भावित जोखिमहरु ।

(झ) **सञ्चालन इतिहासको अभाव :**
- यस वित्तीय संस्थाले आफ्नो कारोवार २०७४/११/०६ गतेदेखि मात्र सञ्चालन गरेको हुँदा वित्तीय संस्थाको कारोवार सञ्चालनको इतिहास छोटो रहेको छ ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :**
- प्रविधि सम्बन्धी परिवर्तनबाट वित्तीय संस्थाको सञ्चालन तथा कारोवार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो । वित्तीय संस्थाले प्रयोग गर्ने सफ्टवेयरमा प्रविधिको परिवर्तनबाट आउन सक्ने जोखिम व्यवस्थापनका लागि तथ्याङ्कहरुको सुरक्षार्थ Data Backup मा विशेष सतर्कता अपनाईएको छ र त्यसबाट जोखिमलाई न्यूनिकरण गर्न वित्तीय संस्था सक्षम रहेको छ ।

(ट) **अन्य :**
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुन सक्ने जोखिमहरु ।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :

वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि वित्तीय संस्थाले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गर्नेछ। त्यसै गरी ऋणी सुरक्षण कोषको व्यवस्था गरी कर्जा लगानीमा आउन सक्ने संभावित जोखिमलाई सुरक्षित तथा न्यूनिकरण गरिएको छ। वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको साथै क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति विकासमा ध्यान पुर्‍याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध छ। त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने वित्तीय संस्थाको नीति रहेको व्यहोरा जानकारी गराउँछौं।

वित्तीय संस्थाले ग्राहक सदस्यहरुमा गरेको कर्जा लगानीको जोखिमको न्यूनीकरणका लागि कर्जा सुरक्षण निगमसंग बीमा गरेको छ। कार्यालयमा प्रयोगमा रहेका सवारी साधन लगायत अन्य सम्पत्तिहरुको जोखिम न्यूनीकरणका लागि सिद्धार्थ इन्स्योरेन्स लिमिटेडबाट बीमा गरिएको छ। साथै, कार्यरत कर्मचारीहरुको दुर्घटना बीमा र प्रति शाखा रु. २ लाखको नगद तथा ढुकुटी बीमा र मार्गस्थ नगदको रु. ५ लाखसम्मको बीमा गरिएको छ।

सि.नं.	बीमा कम्पनीको नाम	जोखिमको शीर्षक	बीमा गरिएको रकम रु.	प्रिमियम भुक्तानी गरिएको रकम रु.	प्रिमियम तिरेको मिति	बीमालेख समाप्ती मिति	कैफियत
१.	निक्षेप तथा कर्जा सूरक्षण कोष	विना धितो कर्जा	६७,६४,५९,४५८.२२	१३,५२,९१८.९२	२०७७/१०/०५	२०७८/०३/३१	प्रत्येक अर्धवार्षिकमा प्रिमियम तिर्नुपर्ने
२.	सिद्धार्थ इन्स्योरेन्स लिमिटेड	मोटर साइकल लू. ३९ प. ८७८	१,३०,०००	३,३१७.१५	२०७७/१०/२६	२०७८/१०/१७	
३.	सिद्धार्थ इन्स्योरेन्स लिमिटेड	मोटर साइकल लू. ४४ प. ८२५	१,५३,९००	३,२४५.८६	२०७७/०७/१९	२०७८/०६/३०	
४.	सिद्धार्थ इन्स्योरेन्स लिमिटेड	कर्मचारी दूर्घटना बीमा	७,७९,००,०००	७७,९२०	२०७७/०५/११	२०७८/०५/०७	१०७ जना कर्मचारीहरु
५.	सिद्धार्थ इन्स्योरेन्स लिमिटेड	स्थिर सम्पत्ति बीमा	२६,५४,८०९	५,५७२.४७	२०७८/०१/१२	२०७९/०१/०९	
६.	सिद्धार्थ इन्स्योरेन्स लिमिटेड	मार्गस्थ नगद तथा भल्ट बीमा	५,००,०००	१४,७३५.२	२०७८/०१/१२	२०७९/०१/०९	मार्गस्थ नगद प्रति व्यक्ति ५ लाख र भल्ट प्रति शाखा २ लाख

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :

रु. १०० प्रति शेयरको दरले निष्काशन गरिएको शेयरको नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण भए पश्चात् धितोपत्र बजारमा हुने कारोवारमा उतार चढाव आउन सक्ने भएकाले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

(१५) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :

स्वीकृत विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको शत प्रतिशत हुन आउने ३,८९,००० कित्ता साधारण शेयरको लागि रु. ३,८९,००,०००/- रकम बराबरको श्री मुक्तिनाथ क्यापिटल लिमिटेडद्वारा प्रत्याभूति सेवा प्रदान गरिएको छ।

(१६) धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचिकरण सम्बन्धी व्यवस्था :

(क) **अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :**
स्वीकृत विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरीदकोलागि अत्यधिक माग भई प्राप्त भएका आवेदनहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको प्रावधान अनुसार आवेदकहरुमा धितोपत्र बाँडफाँड गरिनेछ। यदि निष्काशन गरिएको शेयरको संख्याभन्दा कम शेयर खरीदकालागि दरखास्त प्राप्त हुन आएमा रीतपूर्वक प्राप्त भएको सम्पूर्ण शेयर आवेदकहरुमा बाँडफाँट गरी बाँकी भएको शेयर कित्ता प्रत्याभूतिकर्ताले प्रत्याभूती सम्झौतामा भएको व्यवस्था अनुसार खरीद गर्नेछ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**
शेयर बिक्री बन्द भएको मितिबाट नेपाल धितोपत्र बोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरी निष्काशन तथा बिक्री प्रबन्धकबाट आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई जानकारी गराईनेछ र सम्बन्धित आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने वा नपरेको रकम लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरी फिर्ता गरिदिनेछ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :**
धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागू भईसकेको सन्दर्भमा सो व्यवस्था लागू नहुने।

(घ) **धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :**
निष्काशन गरिने साधारण शेयरहरु प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको निर्धारित समय भित्र बाँडफाँड गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गरिनेछ। हितग्राही खाता अनिवार्य भएको सन्दर्भमा शेयरको प्रमाणपत्र छपाई गरिने छैन र शेयरको सूचिकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुले आवेदन फाराममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँटमा परेको शेयर वितरण/जम्मा गर्ने व्यवस्था मिलाईनेछ।

(ङ) **धितोपत्र सूचीकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :**
सो नभएको।

(च) **धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**
सार्वजनिक निष्काशन गरिने साधारण शेयर प्रचलित शेयर निष्काशन तथा बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरे पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित व्यवस्था अनुसार सूचिकरण तथा दर्ता गराई शेयर खरीद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

(१७) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ।
१. वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय कार्यालय) रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं ५, मैत्रीपथ ।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक- एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं ।

(१८) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :

१. वित्तीय संस्थाको प्रवन्ध–पत्र तथा नियमावली वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं ५, मैत्रीपथमा र यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिने छ।
२. प्रत्येक आवेदकले कम्तीमा १० (दश) कित्ता शेयर खरीदका लागि आवेदन दिनुपर्नेछ। १० (दश) कित्ताभन्दा बढी शेयरका लागि आवेदन दिंदा १० (दश) अङ्कको गुणन संख्यामा अधिकतम १,००० कित्ता बराबरको रु. एक लाखसम्मको अधिकतम शेयरका लागि आवेदन दिन सक्नेछन्।

(१९) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरीद गर्न आवेदन दिन सक्नेछन्।
२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ।
३. आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फारम भरी CRN नं. लिनुपर्नेछ।
४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नुपर्नेछ।
५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात् शेयर खरीदकालागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरीदका लागि आवेदन दिनुपर्नेछ।
६. आवेदकले आवेदन फारममा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विववरण संग रुजु हुनुपर्नेछ।
७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :
क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम।
ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना।
ग. नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।
घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)।
ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा)।
च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।
छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर।
८. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुँदैन।
९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ।
१०. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।
११. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ।
१२. धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ।
१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको “मेरो शेयर” सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ।
१४. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने छ।
१५. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता तथा सो भन्दा बढीका लागि १० अंकले भाग जाने संख्यामा अधिकतम १,००० कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ।

(२०) धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोगः

निष्काशनबाट प्राप्त हुने कुल रकम तल उल्लेखित विभिन्न क्षेत्रहरुमा प्रयोग हुनेछ :

क्र.सं.	विवरण	रकम रु.
१.	पशुपालन तथा कृषि कर्जा	१,८९,००,०००
२.	खुद्रा व्यापार र सेवा कर्जा	१,००,००,०००
३.	साना तथा घरेलु उद्योग कर्जा	१,००,००,०००
	जम्मा	**३,८९,००,०००**

(२१) निष्काशन बैंक (Bankers to the Issue) :

धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा सो व्यवस्था लागु नहुने।

(२२) विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

सि.नं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं र वेबसाइट : www.nmbcl.com.np
२.	मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड, केन्द्रीय कार्यालय, सिद्धार्थनगर ५, मैत्रीपथ, भैरहवा-रुपन्देही, वेबसाइट : www.manakamanalbs.com
सि.नं.	**दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :**
१.	नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर “मेरो शेयर” अनलाइन प्रयोग गरी सि-आस्वा प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

(२३) धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्रद्वारा सार्वजनिक निष्काशन मार्फत् सर्वसाधारणहरुमा जारी गरिने शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा ४ कार्यदिन र बढीमा १५ दिनसम्म खुल्ला रहनेछ।

(२४) गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको छ। कुनै पनि लगानीकर्ताले यस निष्काशनसँग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि अनुपालना अधिकृतलाई निजकै कार्यकक्षमा वा निजलाई कार्यालय समयभित्र ०१-४४३७९६३ (एक्स. १२३) मा सम्पर्क गर्न सकिनेछ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

NMB CAPITAL
LIMITED

एनएमबि क्यापिटल लिमिटेड
नागपोखरी, काठमाडौं, नेपाल ।
फोन नं.: ०१-४४३७९६३, फ्याक्स नं.: ०१-४४३७९६०
इमेलः info@nmbcl.com.np । वेबसाइट : www.nmbcl.com.np